# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क,अर्घाखाँची

## लुम्बिनी प्रदेश,नेपाल

प.सं ०७९/०८०

च.नं ३६४

मितिः२०७९/०५/२२

विषयः कार्यपालिका निर्णय सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)

श्री सम्पूर्ण शाखा (सबै), सन्धिखर्क नगरपालिका।

प्रस्तुत विषयमा सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको मिति २०७९/०५/१९ गतेका दिन बसेको कार्यपालिका बैठकबाट भएका निर्णयहरू यसै पत्र साथ संलग्न राखी आवश्यक कार्यान्वयन एवं जानकारीको लागि पठाईएको व्यहोरा आदेशानुसार सादर अनुरोध छ।

(मुक्तिराम खनाल)

बोधार्थः

श्री सूचना तथा प्रविधिशाखा,

यसै पत्र साथ संलग्न निर्णयहरू रहेको पाना २ (दुई) वडा कार्यालयको मेल र यस कार्यालयको Website मा अपलोड गर्नुहुन।

सन्धिखर्क नगरपालिकाको मिति २०७९/०४/१९ नगर कार्यपालिका बैठकका प्रस्तावहरू

बैठकका प्रस्तावहरु

१. नगर दररेट स्वीकृती सम्बन्धमा।
२. आ.व २०७९/०८० का स्वीकृत योजना तथा कार्यक्रमहरूको कार्यान्वयन सम्बन्धमा ।
३. स्थानीय भू उपयोग परिषद् र स्थानीय भू उपयोग कार्यान्वयन समिति गठन तथा भूमीको वर्गीकरण सम्बन्धमा।
४. आय ठेक्का सम्बन्धमा (फोहोर, कवाड, नरपानी पिकनिक स्पट)
५. डेन्टल क्लिनिक सञ्चालन अनुमति सम्बन्धमा।
६. सन्धिखर्क नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि २०७५ दोश्रो संशोधन सम्बन्धमा।
७. शिक्षक दरवन्दी मिलान सम्बन्धमा।
८. विपयगत तथा अन्य समिति गठन सम्बन्धमा।
९. विविध।

निर्णयहरू

निर्णय नं १.

- सन्धिखर्क नगरपालिकाको आ.व २०७९/०८० को नगर दररेट निर्धारणका सन्दर्भमा जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत भएको जिल्ला दररेट लाई आधार र नगर दररेट निर्धारण सिफारिस समितिले जिल्ला दररेटमा समावेश नभएका नगरपालिकाको कार्यसम्पादन गर्दा आवश्यक पर्ने विभिन्न वस्तु तथा मेशिनरी उपकरणहरूको दररेट समेत समावेश गरी सिफारिस सहित पेस गरेको दररेट माथि छलफल हुँदा उल्लिखित दररेट स्वीकृतका लागि उपयुक्त देखिएकोले सन्धिखर्क नगरपालिकाको आ.व २०७९/०८० को वार्षिक नगर दररेट स्वीकृत गर्ने।

निर्णय नं २.

- सन्धिखर्क नगरपालिकाको ११ औं नगरसभाबाट स्वीकृत वार्षिक योजना तथा कार्यमक्रहरू कार्यान्वयनका सन्दर्भमा छलफल भई उल्लिखित योजना तथा कार्यक्रहरूको कार्यान्वयनको प्रक्रिया अगाडि वढाई निर्धारित समय अवधिमा नै योजना तथा कार्यक्रमहरू सम्पन्न गर्ने ।

निर्णय नं ३.

- स्थानीय भूउपयोग परिषद् र स्थानीय भूउपयोग कार्यान्वयन समिति गठन तथा भूमीको वर्गीकरण सम्बन्धमा वैठकमा छलफल हुँदा सो सन्दर्भमा देहायबमोजिम कार्य प्रारम्भ गरी तोकिएको समयावधि भित्र नै सन्धिखर्क नगरपालिका भित्र रहेको भूमिको वर्गीकरण गर्ने ।
  (क) भूउपयोग ऐन २०७६ को दफा १८ मा रहेको व्यवस्था बमोजिम सन्धिखर्क नगर कार्यपालिकाले स्थानीय भूउपयोग परिपद्को रूपमा कार्य गर्ने ।
  (ख) स्थानीय भूउपयोग परिपद्को काम कर्तव्य र अधिकार ऐनको दफा १९ मा रहेको व्यवस्था बमोजिम प्रयोग गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

... प्रसाद श्रेष्ठ
प्रमुख

CamScanner

(ग) स्थानीय भूउपयोग परिषद्को कार्यमा सहयोग गर्न दफा २० को उपदफा (१) को खण्ड
(घ) मा भएको व्यवस्था बमोजिम ३ वर्ष पदावधि रहने गरी देहाय बमोजिम कार्यान्वयन समितिको सदस्य तोक्ने र अन्य पदाधिकारीहरू सोही दफामा रहेको व्यवस्था बमोजिम रहने गरी कार्यान्वयन समिति गठन गर्ने ।

१ कानुन व्यवसायी श्री विजय के.सी सन्धिखर्क-१ सदस्य

२ लेखापढी व्यवसायी श्री तारा बेल्वासे-सदस्य

३ भूमी प्रशासनमा लामो अवधि कार्य निजामति सेवाबाट सेवा निवृत श्री भिमलाल आचार्य-सदस्य

४ उपभोक्ता मध्यका अध्यक्ष श्री लिल बहादुर सहयोगी वि.सी -सदस्य

(ङ) भूउपयोग ऐन, २०७६ तथा भूउपयोग नियमावली, २०७९ मा रहेको व्यवस्था बमोजिम सन्धिखर्क नगरपालिका भित्रको भूमीलाई भूवनोट, भूमीको क्षमता तथा उपयुक्तता ,भूमीको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा विभिन्न दश वटा भूउपयोग क्षेत्रमा वर्गीकरण गर्नुपर्ने भएकोले स्थानीय आवश्यकताका अतिरिक्त भूउपयोग नियमावली २०७९,को अनुसूची-१ मा उल्लिखित वर्गीकरणका आधार तथा मापदण्ड समेतको अध्ययन गरी सबै वडाले आ-आफनो वडा समिति र संरोकारवाला पक्षसँग आवश्यकता अनुसार छलफल गरी पहिलो चरणमा आफनो क्षेत्रभित्रको जमिनलाई कृषि क्षेत्र र गैरकृषि क्षेत्रमा वर्गीकरण गर्न १५ दिनभित्र नगरपालिका समक्ष सिफारिस गरी पठाउने।

निर्णय नं ४.

- सन्धिखर्क नगरपालिकाको ११ औं नगर सभाबाट स्वीकृत विषयगत शाखाको विनियोजित वजेटलाई सम्वन्धित वडा अध्यक्षसँग परामर्श गरी सबै वडाहरूमा समानुपातिक हिसाबले वाडफाँड गरी योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने।

निर्णय नं ५.

- सन्धिखर्क नगरपालिकाको राजश्वशाखा बाट नगरपालिकाको आय ठेक्का व्यवस्थापनका सन्दर्भमा गरिएको कार्य वैठकमा प्रस्तुत भई सो सन्दर्भमा देहाय बमोजिम गर्ने ।
- फोहोर व्यवस्थापन गर्ने सन्दर्भमा थप अध्ययन तथा छलफल आवश्यक देखिएकोले सो सन्दर्भमा अर्को कार्यपालिका बैठकबाट आवश्यक निर्णय लिने ।
- नरपानि पिक्निक स्पट र पार्किङ्गका सन्दर्भमा ४ लाख ११ हजार न्यूनतम अंक कायम राखी साविकमा कार्यपालिकाको बैठकबाट भएको निर्णय बमोजिमको दररेट राखी ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं ६

- सन्धिखर्क नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७५मा दोश्रो संशोधन गर्नु पर्ने र नगर कार्यपालिकाको कार्यालयबाट तिनमहले विवरण तयार गरी पेस गरेको विषयमा छलफल हुँदा उक्त तिनमहले विवरणमा उल्लिखित व्यवस्थाहरू कार्यविधिमा राख्न उपयुक्त भएको देखिएकोले उक्त कार्यविधिको दोश्रो संशोधन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद श्रेष्ठ
प्रमुख

CamScanner